नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ति

मिति २०८० साल पौष २० गते सर्लाही जिल्लाको बरहथवा नगरपालिका वडा नं. ५ मा प्राथमिक स्वास्थ्य केन्द्र, बरहथवालाई स्तरोन्नती गर्ने/नगर्ने भन्ने विषयलाई लिएर भएको प्रदर्शनमा अप्रत्याशित घटनामा परी जिल्ला सर्लाही, बरहथवा नगरपालिका वडा नं. ६ बस्ने अन्दाजी बर्ष ३० को जयशंकर साहको मृत्यु भएको दुःखद घटनाका सम्बन्धमा गृह मन्त्रालय मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

उक्त घटनाका सम्बन्धमा सत्य तथ्य छानविन गरी ७ (सात) दिनभित्र प्रतिवेदन पेश गर्न गृह मन्त्रालयको मिति २०८०/०९/२१ गतेको निर्णयानुसार गृह मन्त्रालयका सहसचिव थानेश्वर गौतमको संयोजकत्वमा नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक सुरेन्द्र मैनाली र राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक भीम बहादुर बुढाथोकी रहेको तीन सदस्यीय छानविन समिति गठन गरिएको छ ।

नेपाल सरकारको तर्फबाट मृतकको परिवारलाई राहत स्वरुप दश लाख रुपैयाँ उपलब्ध गराउने र छानविन समितिको प्रतिवेदन कार्यान्वयन गर्ने गरी सम्माननीय प्रधानमन्त्रीज्यूबाट निर्देशन भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

मितिः २०८०/०९/२१

नारायण प्रसाद भट्टराई
सहसचिव/प्रवक्ता